**निकासीकर्ताले रेक्स (REX) नम्बर प्राप्तिका लागि आवेदन दिन सक्ने :**

(१) निकासीकर्ताले रेक्स (REX) नम्बर प्राप्तिका लागि व्यापार तथा निकासी प्रवर्द्धन केन्द्रमा आवेदन आवेदन दिनुपर्नेछ ।

(क) प्रणालीबाट जारी हुने **Pre-Application** फारामको विद्युतीय प्रति ।

(ख) रेक्स (REX) नम्बर उपलब्ध गराई पाउँ भनी फर्म वा कम्पनी वा उद्योगको छाप र हस्ताक्षर सहितको निवेदन पत्र ।

(ग) निकासी पैठारी संकेत नम्बर **(EXIM CODE)** प्रमाणपत्रको प्रमाणित प्रतिलिपि ।

(घ) उद्योग दर्ताको प्रमाणपत्रको प्रतिलिपि ।

(ङ) कम्पनी रजिष्ट्रारको कार्यालयको प्रमाणपत्रको प्रतिलिपि ।

(च) संस्थाको उद्देश्य खुलाउने कागजात (प्रवन्धपत्र) प्रमाणपत्रको प्रतिलिपि ।

(छ) स्थानीय बजारबाट कच्चा पदार्थ खरीद गरेको भए **VAT/PAN Bill**।

(ज) कर दर्ताको प्रमाणपत्रको प्रतिलिपि ।

(झ) स्थायी लेखा नम्बर (**PAN**) दर्ताको प्रमाणपत्रको प्रतिलिपि ।

(ञ) कर चुक्ताको प्रमाणपत्रको प्रतिलिपि ।

(ट) नयाँ वा क्षमता अभिबृद्धि गरेको उद्योगको हकमा उद्योग विभागको प्राविधिक समितिको सिफरिस ।

(ठ) ट्रेडिङ्ग कम्पनीको हकमा वस्तु निर्यातको लागि स्थानीय बजारमा खरीदमा खरीद गरेको उद्योग, उत्पादक वा संकलनकर्ता समेतको माथि (घ) देखि (ट) सम्म उल्लेखित संपूर्ण विवरण उल्लेख गरिनु पर्ने ।

**माथिका सम्पूर्ण एक/एक प्रति व्यापार तथा निकासी प्रवर्द्धन केन्द्र, पुल्चोक पेश गर्नुपर्ने ।**

**निकासीकर्ताले रेक्स (REX) नम्बर प्राप्त गरी निकासी गरेको विवरण बुझाउनु पर्ने**

(क) निकासीकर्ताले **EU** मुलुकमा वस्तुको निकासी गरे पश्चात यस केन्द्रमा **Invoice (Statement on Origin)** एक प्रति प्रतिलिपि पेश गर्नुपर्ने ।

**रेक्स (REX) नम्बर उपलब्ध गराउनेः**

१. निकासीकर्ताले केन्द्रमा रेक्स नम्बरको लागि निवेदन दिएको मितिको आधारमा प्राप्त हुन आएको आवेदन रुजु गरी आवश्यकता अनुसार उद्योग वा निकासीकर्ताले उल्लेख गरेको उद्योगहरुको निरीक्षण गरी रेक्स नम्बर उपलब्ध गराइने छ ।